# “घ” वर्गको निर्माण व्यवसाय ईजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावनाः**

स्थानीयस्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञता लाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरूलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शीता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनीयता कायम गर्न तथा भेदभाव रहित प्रतिस्पर्धात्मक वातावरण सृजना गरी श्रोत साधनको उच्चतम उपयोग हासिल गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम मेलम्ची नगर कार्यपालिकाले यो कार्यविधि जारी गरिएको छ ।

(१) ईजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने ः

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम ईजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

(२) नयाँ ईजाजतपत्र सम्वन्धी व्यवस्था ः

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न ईजाजतपत्रको लागि मेलम्ची नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरू प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए नभएको सम्वन्धमा नगरपालिकाको सिभिल इन्जिनियर संयोजक भएको देहाय बमोजिमको समितिवाट जाँचवुझ गरी सिफारिस गराउनु पर्नेछ ।

तपशिल

(क) सिभिल ईन्जिनियर - संयोजक

(ख) निर्माण व्यवसायी संघका अध्यक्ष/प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय  अधिकृतले ईजाजत-पत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरूको  इजाजत-पत्र कार्यपालिकाको निर्णय वमोजिम मेलम्ची नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-६ बमोजिम अभिलेख राखी अनुसूची ३ बमोजिमको ढाँचामा ईजाजतपत्र प्रदान गर्नेछ ।

(३) ईजाजत-पत्रको  अवधि र नविकरण :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजत-पत्र दफा ४ बमोजिम खारेज भएमा वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भए बाहेक चालु आर्थिक वर्षको असार मसान्तसम्म मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत-पत्रको अवधि समाप्त भएका निर्माण व्यवसायीले इजाजत-पत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण तथा सम्बन्धित संघीय/प्रदेश/ स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता  नविकरण सहित नगरपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । ईजाजत-पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरूको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकिया पूरा गरी ईजाजत-पत्र नविकरण  गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले ईजाजत-पत्र नविकरण गरिदिनुपर्नेछ ।

४) ईजाजत-पत्रको खारेजी :

(१) देहायको अवस्थामा मेलम्ची नगरपालिकाले निर्माण व्यवसायीको ईजाजत-पत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी ईजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेमा वा सम्झौताको गम्भिर उल्लंघन भएको भनी सम्वन्धित निकायवाट लेखी आएमा ।

२) उपदफा (१) बमोजिम ईजाजत-पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण ब्यवसायीलाई स्पष्टिकरण पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नविकरण नभएको ईजाजत-पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम ईजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा ब्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनु पर्नेछ ।

(५) <u>ईजाजत-पत्र को प्रतिलिपी दिने ब्यवस्था</u> ः

कुनै निर्माण ब्यवसायीले ईजाजत-पत्र हराए वा नासिएको कारणबाट ईजाजत-पत्र को प्रतिलिपी पाउँन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई ईजाजत-पत्र को प्रतिलिपी दिनु पर्नेछ ।

(६) <u>प्रचलित कानून बमोजिम हुने</u> ः

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) <u>बचाउ</u> ः

यस अघि प्रचलित कानुन बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरूलाई दिइएको ईजाजत-पत्र हरू यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसुची - १
### (कार्यविधि को दफा २ को उपदफा (१) संग सम्वन्धित)
### ईजाजतपत्रको लागि दिइने दरखास्त फारम

विषय : ईजाजतपत्र पाऊँ भन्ने बारे ।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
मेलम्ची नगरपालिका कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक ।

यस ......................................कार्यालयको कार्यविधि ..........वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजत-पत्र पाउँन निम्न विवरण भरी यो दरखास्त पेश गरेको छुः

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:-

ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| ☐ | प्राईभेट लिमिटेड कम्पनी | ☐ | पब्लिक लिमिटेड कम्पनी |
| ☐ | एकलौटी | ☐ | साझेदारी |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३.सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थरः-

ठेगानाः- पोष्ट बक्स :-

टेलिफोन नं. फ्याक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :-

अधिकृत पूजी :- जारी पूजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-
५. ईजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग
६. समूहीकरण हुन चाहेको समूह :-
७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।
८. कामदारको विवरण :-
(क) प्राविधिक :-
(ख) अप्राविधिक :-
(ग) अन्य :-

निर्माण व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले सो व्यवसायमा कार्य गर्ने प्राविधिक कर्मचारी (सिभिल इन्जिनियर/सव-इन्जिनियर), प्रशासनिक कर्मचारी र आर्थिक कारोवार (लेखा) हेर्ने कर्मचारीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिप र व्यवसायमा कार्य गर्न गरिएको निजको मञ्जुरीनामा तथा सम्झौता-पत्र नोटरी कार्यालयबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन र मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरूको स्वामित्वको कागजात र उक्त मेशिनरी औजारहरू चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा सिफारिस भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण ब्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण ब्यवसायीको छाप

दरखास्तवालाको नाम :-

दस्तखत :-

मिति :-

<u>द्रष्टव्य</u> : यस दरखास्त फारममा उल्लेख भएको ब्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची - २
### (कार्यविधि को दफा ३ को उपदफा २ संग सम्वन्धित)

| क्र. सं. | निर्माण व्यवसायी को वर्ग | नयाँ ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नविकरण दस्तुर (प्रत्येक आ.व.को आश्विन मसान्तसम्म) | ईजाजतपत्र नविकरण थप दस्तुर (प्रत्येक आ.व.को चैत्र मसान्तसम्म) | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | (घ) | रू. १०,०००।- | रू. ५,०००।- | रू. ५,००० | रू. २,००० |

द्रष्टव्य : "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजत-पत्र नविकरण गराउदा ईजाजत-पत्र नविकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

अनुसूची - ३
(कार्यविधि को दफा २ को उपदफा (४) संग सम्वन्धित)
मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
३ नं. प्रदेश, नेपाल

फोटो

ईजाजत-पत्र नं.....................     मिति :- ....................

**ईजाजतपत्र**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा २ को छ (१०) बमोजिम निर्माण व्यवसाय गर्न .................... नगरपालिका वडा नं.......... स्थित कार्यालय भएको ...................................................फर्म /कम्पनीलाई यो ईजाजतपत्र प्रदान गरिएको छ ।

प्रोपाइटर श्री.....................................

ईजाजतपत्र दिनेको,-
दस्तखत :-
नाम,थर :-
पद :-
मिति :-

'घ' वर्ग

नोट :
१. यो ईजाजतपत्र प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र नविकरण गर्नुपर्ने छ ।
२. नविकरण दस्तुर रू ५,०००।- लाग्नेछ ।

नविकरणः

| क्र.सं. | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तूर, रसिद नं. | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची -४

## कार्यविधिको ३ को उपदफा (२) संग सम्बधित

## निर्माण व्यवसायीवाट भएको सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासवुक)

| क्र.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमक नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क)ठेक्का रकम<br>...........<br>ख) सम्झौता मिति :<br>............<br>ग) ठेक्का अवधि<br>............. | क) नाम :<br>...................<br>ख) पदः.............<br>ग) हस्ताक्षर<br>...................<br>घ) छाप<br>.................... | क)थप समय :<br>क) नामः<br>.............<br>ख) पद :<br>.............<br>ग) हस्ताक्षर<br>.............<br>घ) निणर्य मिति :<br>छाप<br>............ | क) Variation पछिको Contract Amo Unt<br>क) Variation को निर्णय गर्ने पदाधिकारीको नामः<br>........................<br>ख) पद :............<br>ग) हस्ताक्षर<br>.............<br>(घ) छाप<br>............. | क)सम्पन्न रकमः.........<br>ख) सम्पन्न मितिः.............<br>ग) सम्पन्न<br>.............<br>घ) नामः<br>.............<br>पदः...............<br>हस्ताक्षर<br>.............<br>छाप<br>............. | क) अन्तिम ठेक्का रकमः<br>..............<br>ख) सम्पन्न मितिः........<br>नामः.........<br>पदः........<br>हस्ताक्षर<br>............<br>छाप<br>............ | |

## अनुसूची -५
### (कार्यविधिको दफा २ को उपदफा (२) संग सम्बधित)
### "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रूपमा कम्तिमा पाँच लाख रूपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२.मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर /ट्र्याक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/ Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्यः

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै सामाग्री खरिद गरेको VAT बिल र मान्यता प्राप्त बीमा कम्पनीमा बीमा गरेको कागजातहरू पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरू ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३.माथि उल्लिखित यन्त्र उपकरणहरू दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४.पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**अनुसूची - ६**
**(कार्यविधि को दफा २ को उपदफा (४) संग सम्वन्धित)**
**मेलम्ची नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलम्ची, सिन्धुपाल्चोक**
**३ नं. प्रदेश, नेपाल**

**"घ" वर्गको निर्माण व्यवसाय ईजाजत अभिलेख**

**फर्मको नाम, ठेगाना :** ........................................
**प्रोप्राइटरको नाम, थर :** .....................................

| क्र.सं. | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | रसिद न. र दस्तुर | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणीकरण मितिः २०७४ साल चैत्र २१ गते

आज्ञाले,
देवी प्रसाद थपलिया
प्रमुख प्रशासकीय अधिकृत
मेलम्ची नगरपालिका